# पाथीभरा याङ्वरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थेचम्बु, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

अध्यक्षः ९८०१२२२६७९
उपाध्यक्षः ९८४२६६००८४
प्र.प्र.अ.: ९८०१२२२६७०


प.सं.: ०७६/०७७
च नं-

मितिः २०७७/०१/१६

**४८ घण्टे गोप्य लिखित दरभाउपत्र आव्हानको सूचना**

प्रकाशित मितिः २०७७/०१/१६ गते दिनको ११ बजे

विश्वव्यापी रूपमा फैलिएको नोभेल कोरोना भाइरस (COVID-19) महामारीको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले आवागमन निषेध गरेको कारण यस गाउँपालिका अन्तरगतका दैनिक ज्याला मजदुरी गरी जिविकोपार्जन गर्ने अति विपन्न तथा असहाय व्यक्ति तथा परिवारलाई आवश्यक खाद्य सामाग्री तत्काल खरिद गरि वितरण नगर्दा सार्वजनिक सुरक्षा हित तथा सामुदायिक स्वास्थ्यमा पर्ने संकटलाई ध्यानमा राखी सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ मा उल्लेखित विशेष परिस्थितिमा खरिद गर्ने व्यवस्था बमोजिम देहाय बमोजिमको राहत सामाग्री खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले ४८ घण्टा भित्र इच्छुक मान्यता प्राप्त खाद्य सामाग्री विक्री वितरण गर्ने फर्म, कम्पनी, सप्लायर्सले इजाजत पत्र, मु.अ.क. कर दर्ता प्रमाण पत्र (प्याकेज ०२/२०७६/०७७ को हकमा), गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी देहाय बमोजिमको राहत सामाग्रीको गोप्य लिखित दररेट दरभाउपत्रदाता स्वयं वा प्रतिनिधि यस गाउँपालिकाको कार्यालयमा उपस्थित भई वा सम्बन्धित फर्मको आफ्नै इमेल ठेगानामा पेश गर्न यो सूचना आव्हान गरिएको छ ।

.............................
(लोक प्रसाद फागो)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

पाथीभरा याङ्वरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थेचम्बु, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

अध्यक्ष: ९८०१२२२६७९
उपाध्यक्ष: ९८४२६६००८४
प्र.प्र.अ.: ९८०१२२२६७०

**क) दरभाउपत्र फारमः-**

लिखित दरभाउपत्र दाताको नामः-............................ ठेगानाः- ....................

सूचना प्रकाशन मितिः-२०७७/०१/१६ गते दिनको ११ बजे

ठेक्काको नामः-कोरोना प्रभावितका लागि राहत सामाग्री खरिद

दरभाउपत्र पेश गर्ने अन्तिम मितिः-२०७७/०१/१८ गते दिनको ११ वजेसम्म

दरभाउपत्र खोल्ने मितिः- २०७७/०१/१८ गते दिनको ११ बजेपछि

खरिद गर्नुपर्ने सामान र परिमाणः-

| क.सं. | खरिद प्याकेज | राहत सामाग्रीको बिबरण | इकाइ | परिमाण | दररेट (ढुवानी सहित),मू अ.क.बाहेक | रकम | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अंकमा | अक्षरमा | |
| १ | ०१/२०७६।७७(कोराना राहत) | चामल-मन्सुली | के.जी | १२७९५ | | | | |
| २ | ०२/२०७६।७७(कोराना राहत) | मुसुरी दाल | के.जी | १२६४ | | | | |
| | | आयो नुन | के.जी. | ८०९ | | | | |
| | | सूर्यमूखी तेल | लि. | ८६९ | | | | |
| | | हात धुने साबुन (९५ ग्राम) | गोटा | ९०९ | | | | |
| | | लुगा धुने साबुन (२०० ग्राम) | गोटा | ९०९ | | | | |
| | | प्लास्टिक बोरा | गोटा | ३५० | | | | |
| | | सुत्ली | केजी | १० | | | | |
| | | पोलिथिन झोला (२kg अटाउने) | केजी | ३ | | | | |

प्रोपाइटरको नामः-

दस्तखतः-.........................

मितिः-................/.........../........

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष: ९८०१२२२६७९
उपाध्यक्ष: ९८४२६६००८४
प्र.प्र.अ.: ९८०१२२२६७०

# पाथीभरा याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थेचम्बु, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

**ख) शर्तहरु**

१. यो गोप्य दरभाउपत्र फारम कार्यालयको बेबसाइटबाट डाउनलोड गरी दरभाउपत्रदाताले मू.अ. कर सहित दरभाउ उल्लेख गरी सही छाप सहित गोप्य रुपमा आफ्नै इमेलमा PDF वा JPG फाइल अपलोड गरी दरभाउपत्र पेश गर्न सक्नेछ । सूचनामा उल्लेख भए बमोजिम ४८ घण्टा पछि पेश भएको दरभाउपत्र मान्य हुनेछैन ।

२. दरभाउपत्र अपलोड गरिएको इमेल ठेगाना, त्यसको पासवर्ड र दरभाउपत्र पेश गर्ने फर्मको सम्पर्क मोवाइल नं. सम्बन्धित दरभाउपत्रदाताले कार्यालयको मोवाइल नं. ९८०१२२२६४९/ ९८०१२२२६६८ वा इमेल ठेगाना pathivarayang@gmail.com मा ४८ घण्टे म्याद मिति २०७७/०१/१८ गते दिनको ११ बजे भित्र कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

३. उपलब्ध भएको इमेल ठेगाना र त्यसको पासवर्ड कार्यालयले प्रयोग गरी दरभाउपत्रदाताको प्रतिनिधिको रोहवरमा दरभाउपत्र पेश गर्ने ४८ घण्टे म्याद सकिएको दिनको ११ बजेपछि दरभाउपत्र खोलिनेछ। दरभाउपत्र खोल्दाको बखत दरभाउपत्रदाताको प्रतिनिधि नभएपनि कार्यालयलाई दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. स्वीकृत दरभाउपत्र बमोजिम दरभाउपत्रदाताले उल्लेख गरे बमोजिमको दररेटमा कार्यालयलाई ३ दिन भित्र राहात सामाग्री आपूर्ति गर्नुपर्नेछ ।

५. प्रत्येक प्याकेज मध्ये सबभन्दा कम दरभाउ पेश गर्ने दरभाउपत्रदाताबाट उल्लेखित राहत सामाग्री खरिद गरिनेछ ।

६. आपूर्ति गरिएको राहत सामाग्रीको गुणस्तर र प्रयोग म्याद प्रचलित कानून बमोजिम हुनुपर्नेछ । म्याद सकिएको र गुणस्तरहीन राहत सामाग्री कार्यालयले स्वीकार गर्नेछैन ।

७. गाउँपालिका केन्द्र थेचम्बु ताप्लेजुङसम्म राहत सामाग्री ढुवानी गर्ने दायित्व र ढुवानी खर्च सम्बन्धित आपूर्तिकर्ताको नै हुनेछ ।

८. अन्य थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ९८०१२२२६४९/९८०१२२२६६८ मा सम्पर्क गरी वा कार्यालयको वेबसाइट www.yangwarakmuntaplejung.gov.np मा गई जानकारी लिन सकिनेछ ।

९. मिलोमतो गरी दरभाउ पत्र पेश गरेको प्रमाणित भएमा दरभाउपत्र रद्ध गरिनेछ ।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ।

११. राहत सामाग्री आपूर्तिकर्ताले प्याकेज ०२ मा उल्लेखित मूल्य अभिबृद्धि नलाग्ने सामाग्री(मालबस्तु)को हकमा छुट्टै बिल बिजक जारी गर्न सक्नेछ।

१२. यस सुचनामा उल्लेख भएका कुरा वाहेकका अन्य कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम हुनेछ ।

.............................
**(लोक प्रसाद फागो)**
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत